**माननीय अर्थमन्त्री र नेपालका लागि एशियाली विकास बैंकका देशीय निर्देशक बीच शिष्टाचार भेटघाट**

**२०७८ भदौ ०४**

माननीय अर्थमन्त्री श्री जनार्दन शर्मा 'प्रभाकर' र नेपालका लागि एशियाली बिकास बैंकका नव नियुक्त देशीय निर्देशक श्री आर्नो कुस्वाबीच आज अर्थ मन्त्रालयमा शिष्टाचार भेट भयो।

सो भेटमा मा. अर्थमन्त्रीले नेपालको ऊर्जा, यातायात, कृषि, स्वास्थ्य लगायतका क्षेत्रको विकासका लागि लामो समयदेखि बैंकले गरिरहेको सहयोगको प्रशंसा गर्नुहुदैं कोभिड-१९ को संक्रमण र प्रभावलाई सम्बोधन गर्न उपलब्ध गराएको प्राविधिक सहयोग, अनुदान एवं ऋण सहयोगका लागि विशेष धन्यवाद दिनुभयो। सो अवसरमा मा. मन्त्रीज्यूले वर्तमान सरकारका केही प्राथमिकता प्राप्त आयोजनाहरु रहेका र तीमध्ये विशेषत समग्र गरिबीलाई अर्थपूर्ण र प्रभावकारी रुपमा सम्बोधन गर्ने आयोजनामा बैंकको सहयोग रहने अपेक्षा समेत गर्नुभयो। आपसी छलफलकै क्रममा मा.अर्थमन्त्रीले वैदेशिक लगानीमा मात्र नभई आफ्नै लगानीमा सञ्चालित आयोजनाको प्रभावकारी कार्यान्वयनमा समेत जग्गा प्राप्ती, वनको प्रयोग जस्ता विषयमा केही अवरोधहरु आउने गरेको र ती समस्याहरुलाई केही समयपछि अर्थ मन्त्रालयले सार्वजनिक गर्न लागेको कार्ययोजनामा सम्बोधन गरिने व्यहोरा समेत बताउनुभयो। त्यसैगरी, नेपालमा लगानीको थप सुमधुर वातावरण निर्माण गर्न सरकारले गर्नुपर्ने कार्यका लागि आफू प्रतिवद्ध रहेको कुरा बताउनु हुँदै बैंकले समेत आफ्नो कार्य प्रकृयालाई सरलीकृत बनाउँदै लगानीलाई नेपालको प्राथमिकता र माटोको आवश्यकता अनुसार लचक बनाउन आग्रह गर्नुभयो।

सोही भेटघाटका क्रममा बैंकका देशीय निर्देशकले नेपालमा बैंकको समग्र लगानीको स्थिति, आयोजना कार्यान्वयनमा रहेका केही मुद्दाहरुको बारेमा जानकारी दिनुहुँदै नेपालको विकासका लागि साझेदारी गर्न बैंक तयार रहेको र कोभिड-१९ ले पारेको नकारात्मक प्रभावलाई सम्बोधन गरी अर्थव्यवस्थाको पुनर्रुत्थान गर्न सरकारले लिने मध्यकालीन रणनीतिलाई कार्यन्वयन गर्न आवश्यक पर्ने थप वित्तीय श्रोत उपलव्ध गराउन बैंक तत्पर रहेको कुरा बताउनुभयो।

अर्थ मन्त्रालय,<br>
सिंहदरवार।